निमित्त स्वास्थ्य सेवा व्यवस्थापक श्री टीकाराम जैसी लाई नेपाल कम्यूनिष्ठ पार्टी (विप्लप) समूह युवा संगठन नेपाल जाजरकोटले लगाईएका आरोप पत्रहरुको खन्डन एवम् प्रतिक्रियाः

१. आ.व. ०७७/०७८ मा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट रु २ करोड १२ लाख रकम कोरोना लगायत २५ वटा HDU वेड खरिदमा १० लाख भ्रष्टचार गरेको भन्ने आरोपमा मन्त्रालयबाट ३ करोड १२ लाख रकम प्राप्त भएको र उक्त रकमको तत्कालिन कार्यालय प्रमुख डा. सुनिल पुन बाट खरिद प्रक्रियाहरु भई २ करोड ८४ लाखमा ठेक्का सम्झौता भई आपूर्तिकर्ताबाट ठेक्का बमोजिमका सामानहरु प्राप्त भई दाखिला भए पश्चात रु २ करोड ८० लाख भुक्तानी भएकोले उक्त आरोप निराधार र झुट्टा रहेको ।

२. प्रदेश सरकारबाट कोभिड -१९ को महामारीमा बिरामी स्थानान्तरण का लागी एम्बुलेन्स खरिद गर्न भनि पठाएको जम्मा रु १० लाख रकम खरिद नगरि अन्य शिर्षकमा खर्च गरि २ लाख भ्रष्टचार गरेको भन्ने आरोप सम्बन्धमा, कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयबाट एम्बुलेन्स खरिद नभई शब बाहन खरिदका लागी रु १५ लाख प्राप्त भएकोमा आ.व. को मसान्तमा रकम प्राप्त भएको र प्रक्रियागत रुपमा खरिद गर्दा चालु आ.व. भित्रमा खरिद गर्न नसकिने भएकोले बिग्रिएको एम्बुलेन्स मर्मत गरि संचालन गर्न रु २ लाख ७५ हजार रकम खर्च भई बाँकी रकम फ्रिज गएकोले रु २लाख भ्रष्टचार गरेको आरोप पनि निराधार झुट्टा रहेको ।

३. जिल्ला अस्पताल जाजरकोटमा X- ray मेसिन रु २६ लाख रुपैया पर्नेलाई रु ६० लाखमा खरिद गरि रु ३४ लाख भ्रष्टचार गरेको भन्ने आरोपमा, आ.व. ०७८/०७९ मा X- ray मेसिन खरिद तथा जडानका लागी प्रदेश सरकारबाट रु ४० लाख बजेट विनियोजन भएको र स्पेशिफिकेशन लगायत कार्यहरु गर्न समय लागेकाले हाल सम्म उक्त X-ray मेसिन खरिद नभएको र खरिद प्रक्रियामा रहेको हुँदा उक्त आरोप पनि झुट्टा र कपोकल्पित रहेको ।

४. जिल्ला स्वास्थ्य कार्यालय प्रमुखले इन्धन खर्च बापत रु ४ लाख ५० हजार लाई दोहोरो तर्फबाट भुक्तानी गरी पद दुरुपयोगको साथै इन्धन खर्च दोहोरो सेवा लिएको, भन्ने सन्दर्भमा आ.व. ०७७/०७८ मा प्रदेश सरकारबाट इन्धन बापत रु ३ लाख बजेट प्राप्त भएको र कार्यालयमा एक वटा एम्बुलेन्स र एक वटा कार्यालयको गाडि साथै ६३ के.भि.ए को जेनेरेटर पनि संचालन गर्नुपर्ने भएको हुँदा इन्धन वापतको रकम नपुग भई कार्यालय संचालन गर्न कठिनाई भईरहेको अवस्थामा उक्त आरोप निराधार र झुट्टा रहेको ।

५. जिल्ला अस्पताल जाजरकोटमा जडान भएको अक्सिजन पलान्ट रु ६९ लाखमा खरिद हुने ठाउँमा रु ७४ लाखमा खरिद गरी ५ लाख हिनामिना गरेको, भन्ने आरोपमा जाजरकोट जिल्ला अस्पतालमा संघिय सरकारबाट दैनिक ४० देखि ४५ वटा अक्सिजन सिलिण्डर रिफिल गर्न मिल्ने क्षमताको अक्सिजन पलान्ट खरिद तथा जडानका लागी रु ७५ लाख बजेट सुनिश्चित भई प्रक्रिया अगाडी बढाई जडान तथा खरिद कार्य सम्पन्न भई संचालन भई रहेको र यसमा स्पेशिफिकेशनको आधारमा बायोमेडिकल इन्जिनियरले गरेको मुल्याङ्कन र दिएको प्रतिवेदनका आधारमा ७४ लाखमा सम्झौता भएको र रकम प्राप्त नभएकोले हाल सम्म भुक्तानी नभएकोले आरोप झुट्टा रहेको ।

६. जाजरकोट अस्पतालमा नयाँ भवन बन्दै गरेको साथै सो भवनका लागी पूराना भवनहरु भत्काउनु पर्ने भएको हुँदा प्रयोगशाला भवनमा सार्वजनिक सूचना प्रकाशन नगरि रु ४ लाख ९० हजारमा ३ वटा कोठामा जस्तापाताबाट छानो छुवाई यसमा हदै सम्मको रकम हिनामिना गरेको, भन्ने आरोपमा प्रयोगशाला संचालन गर्नका लागी भवनको अभाव भएको हुँदा BEONC भवनको माथि ट्रस्ट राखि वाल लगाई, प्रयोगशाला भवन बनाई उक्त ठाउँमा प्रयोगशाला संचालन गरेको यस मा सामाजिक विकास मन्त्रालयबाट प्राप्त रु ५ लाख मर्मत शिर्षकको रकम मध्येबाट सूचनापाटीमा सूचना टाँस गरी कोटेशन मार्फत कार्य गराई रु ४ लाख ९३ हजार ३०२।- रकम भुतानी दिएको र नपुग रकम निर्माण व्यवसायिको तर्फबाट भुक्तानी गरेको ।

७. यसै आ.व. २०७८/०७९ मा अस्पतालको बर्थिङ्ग भवनमा मार्बल टायल लगाउनको लागि निक साईमन भन्ने संस्थाबाट रकम प्राप्त भई सूचना नै प्रकाशन नगरी सो को लागी आवश्यक मापदण्ड गोप्य रुपमा मिलेमतोमा तयार गरी रकमलाई टुक्र्याई आर्थिक ऐन विपरित रु ४ लाख ९८ हजार सम्झौता गरेको, भन्ने आरोपमा पूरानो बर्थिङ्ग सेन्टर र ओ.टी. भवन



Scanned with CamScanner

भत्काई BEONC भवनमा तत्काल सार्नुपर्ने भएको हुँदा सूचना पाटीमा सूचना टाँस गरी कोटेशनको आधारबाट सम्झौता गरी कार्य सम्पन्न गरी रु ७ लाख ९६ हजार भुक्तानी भएको हुँदा आरोप झुट्टा रहेको ।

८. आ.व. २०७८/०७९ मा संघिय सरकारबाट अस्पताल व्यवस्थापक अधिकृत सातौं करार सेवामा भर्ना गर्नका लागी बजेट प्राप्त भएको र भर्ना प्रक्रियाका लागी सामाजिक विकास मन्त्रालयबाट अग्रिम स्वीकृती लिनुपर्ने प्रावधान भएकोले सामाजिक विकास मन्त्रालय संग स्वीकृती माग गर्दा स्वीकृती नदिएको कारणले भर्ना गर्न नसकिएको यसमा कुनै व्यक्तीगत स्वार्थ नरहेको हुँदा आरोप झुट्टा रहेको ।

९. औषधी ढुवानीमा आ.व. २०७७/०७८ मा बजेट विनियोजन नभएको र बर्थिङ्ग सेन्टरको लागी सामान खरिद तथा ढुवानीका लागी छुट्याईएको रकम सामानहरु खरिद भई दाखिला गरी पालिकाहरुलाई हस्ताण्तरण गरिएको र ढुवानी वापतको रकम खर्च नभई फ्रिज गएको, हुँदा उक्त आरोप झुट्टा रहेको ।

१०. आ.व. २०७७/०७८ मा तत्कालिन कार्यालय प्रमुख डा. सुनिल पुन बाट खरिद प्रक्रिया भई सम्झौता गरी सामान दाखिला भए पश्चात रकम भुक्तानी गरेको यसमा टीकाराम जैसी को कुनै संलग्नता नरहेको हुँदा आरोप झुट्टा रहेको ।

११. आ.व. २०७८/०७९ मा प्रदेश सरकारबाट निशुल्क वितरणका लागी खरिद गर्नुपर्ने औषधीका लागी रु १५ लाख बजेट विनियोजन भएको र स्टोरमा अघिल्लो आ.व.को औषधीहरु मौज्दात रहेको राख्ने ठाँउ नभएको र इविडिङ्ग मार्फत खरिद गर्ने प्रक्रिया अगाडी बढाईएको हुँदा हाल सम्म खर्च नभएकोले यो साचो हो ।

१२. X-ray मेसिन खरिद तथा जडान कार्य प्रक्रियामा रहेकोले यसमा आफ्नै अनुकुल्तामा राखिएको भन्ने आरोप झुट्टा र निराधार रहेको ।

१३. आ.व. २०७८/०७९ मा अस्पतालमा भर्ना भएका विरामीहरुका लागी राशन सिदा खुवाउने सम्बन्धी सिलबन्दी दरभाउँपत्रको सूचना गरी सबै प्रक्रिया पुरा गरी दैनिक रु २५३ रुपैया ५८ पैसा जिल्ला दररेटको आधारमा स्वीकृत भएकोले श्री शिखर निर्माण सेवा एण्ड सप्लार्यस भेरी ०३, जाजरकोटलाई ठेक्का परेको र सम्झौतामा उल्लेख भए बमोजिम गुण्स्तरिय र तोकिएका बस्तुहरु खुवाउने गरेकोले उक्त आरोप झुट्टा र निराधार रहेको ।

१४. स्वास्थ्य सेवा कार्यालयमा प्राप्त हुने औषधीहरु प्रदेश आपुर्ति केन्द्रबाट प्राप्त हुने र केहि औषधीहरु जिल्लाबाट खरिद हुने भएकोले कम्तिमा १८ महिनाको म्याद भएका औषधीहरु मात्र खरिद गर्ने गरेकोले म्याद नाघेका औषधीहरु कहिलेपनि स्वास्थ्य संस्थाहरुमा पठाउने नगरेको र १ पटक मात्र प्रदेश आपुर्ति केन्द्रबाट पठाईएको आईरन चक्की नजिक म्याद भएको प्राप्त भएको हुदाँ स्वास्थ्य संस्थामा वितरण गर्न खोज्दा यो खपत हुदैन भनि लिन नमानेको र म्याद समाप्त भई सकेपछी प्रक्रियागत रुपमा नष्ट गरिएको उक्त आरोप झुट्टा रहेको ।

१५. यस कार्यालयमा लकभक आधा कर्मचारीहरु महिला भएको र त्यस्तो अनैतिक कार्य कोहि कसैमाथि नगरेको, र उक्त आरोप झुट्टा र कपोकल्पीत रहेको ।

१६. स्वास्थ्य सेवा कार्यालय, जाजरकोटबाट तत्कालिन ना.सु. देवराज गिरीले कार्यालय प्रमुख कामको शिलशिलामा जिल्ला बाहिर गएको समयमा कर्मचारीहरुलाई झुक्याई कोभिड -१९ भत्ताको लागी हो भनि खाली पेपरमा दस्तखत गर्न लगाई आफु सहि भएको र कार्यालयप्रमुख गलत भएको भनि कर्मचारीहरुको हस्ताक्षर गराई जिल्ला प्रशासन कार्यालयमा पेश गरेको यस सम्बन्धी तत्कालि प्र.जि.अ. ले कार्यालय प्रमुख समक्ष बुझि जानकारी लिएको उक्त आरोप झुट्टा रहेको ।

नोटः म माथि लगाईएका झुट्टा, निराधार र कपोकल्पित आरोपहरुप्रति खेद प्रकट गर्दछु यदि सम्बन्धीत निकायबाट आरोपहरुको छानविन गरी प्रमाणित भएमा कारबाहीको भागेदार रहनेछु ।

<u>प्रतिक्रिया दिने</u>
टीकाराम जैसी
नि.स्वा.से.व्य.
स्वास्थ्य सेवा कार्यालय, जाजरकोट

Mail: hsojajarkot@gmail.com

Scanned with CamScanner